"कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, पुर्वाधारः सुन्दर समृद्ध बर्जुको आधार"

# बर्जु गाउँपालिका
# गाउँ कार्यापालिकाको कार्यालय

अमाहिवेल्हा सुनसरी
१ नं प्रदेश नेपाल

प सं: ०७८/०७९
च नं

मिति :-२०७८/१०/१७

सूचना । सूचना !! सूचना !!!

## कोभिड १९ को महामारीबाट प्रभावित अति बिपन्न परिवारले नगद अनुदान प्राप्त गर्न निवेदन दिने सम्बन्धी सूचना"

नेपाल सरकारको फॉमिड-१९ को महामारीको प्रभाववाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अतिविपन्न गरिव परिवारलाई राहत स्वरुप एक पटकका लागि प्रति परिवार रु१००००/- दश हजार का दरले नगद अनुदान प्रदान गर्ने कार्यक्रमअनुरूप अर्थ मन्त्रालयको मिति २०७८/०७/२५ गतेको प्रकाशित "कोभिड-१९ को महामारीवाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण सम्वन्धी सूचना अनुसार उक्त अनुदान प्राप्त गर्न सूचनाण्डमा मापदण्ड बमोज़िम योग्य परिवारले आफ्नो वडा कार्यालयमा सम्पर्क राख्न १५ दिन भित्र निवेदन पेश गर्न सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा वडा कार्यालयबाट उपलब्ध हुने व्यहोरा अनुरोध छ।

**(क) नगद राहत प्राप्त गर्न योग्य लाभग्राही :**

(१) विगतमा गर्दै आएको रोजगारी पूर्णरूपमा गुमाएको र रोजगारीको अर्को अवसर समेत प्राप्त गर्न नसकी वेरोजगार भएको असङ्गठित क्षेत्रका मजदुर वा कामदार,
(२) खुला सडक, फुटपाथ वा पौरमा खपन नाइलो डोको, आदिमा सामान बेच्ने अति विपन्न व्यवसायी
(३) दैनिक ज्याला मजदुरी गर्ने भरिया, कृषि मजदुर, गोठाला, खेताला, ज्यालादारी श्रमिक, रिक्साचालक, ठेलागाडा मजदुर, सार्वजनिक यातायात मजदुर, पप्टक भरिया
(४) कोनिड-१९ को संक्रमणको कारणबाट एकाघरपरिवारको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भइ आर्थिक सङ्कट झेल्नु परेको परिवार तथा अभिभावक गुमाएका असहाय नाबालकलाई स्याहार गर्ने परिवार ।

**(ख) नगद राहत प्राप्त गर्न अयोग्य परिवार :**

(१) निवेदन दिदाको समयमा निवेदकको एकाघरपरिवारका कुनै सदस्यले सरकारी, निजी वा अन्य कुनै संघ संस्था वा वैदेशिक रोजगारीमा स्थायी, अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आयआर्जन गरिहेको,
(२) परिवारको कुनै सदस्यले नेपाल सरकारवाट उपलब्ध हुने अन्य सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, दलित वा अपाङ्गता वापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थाबाट निवृतिभरण वा विदेशी सरकारबाट पेन्सन सुविधा प्राप्त गरिरहेको,
(३) सञ्चित आय वा पैत्रिक सम्पतिबाट तत्कालको खर्च आवश्यकता पूरा गर्न सक्ने अवस्थामा रहेको,
(४) प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रम बमोजिम यस प्रयोजनका लागि एक पटक राहतको रुपमा नगद प्राप्त गरेको परिवार ।

प्रमोद कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

मैले तिरेको कर मेरै लागि, समृद्ध गाउँ निर्माणका लागि"

Email: barjugaupalika@gmail.com Website: www.barjumun.gov.np

Scanned with CamScanner

"कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, पुर्वाधारः सुन्दर समृद्ध बर्जुको आधार"

# बर्जु गाउँपालिका
# गाउँ कार्यापालिकाको कार्यालय

अमाहिवेल्हा सुनसरी

१ नं प्रदेश नेपाल

प सं : ०७८/०७९
च नं ११२५

बर्जु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अमाहिवेल्हा, सुनसरी प्रदेश नं १, नेपाल

मिति :-२०७८/१०/१७

विषयः- सुचना टाँस गरी जानकारी पठाईदिने ।

श्री वडा कार्यालय सबै
बर्जु गाउँपालिका,सुनसरी

कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण गर्ने प्रयोजनका निम्ती गाउँपालिकाबाट मिति २०७८/१०/१७ मा प्रकाशित सुचना यसै साथ संलग्न राखी पठाईएको छ । तहाँ वडाकार्यालयको सुचना पार्टिमा सुचना टाँस गरी सोको जानकारी यस कार्यालयलाई उपलब्ध गराई दिनुहुन अनुरोध छ । साथै कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ समेत यसै साथ संलग्न छ । कार्यविधिमा तोकिएअनुसार तहाँ बाट गर्नु पर्ने काम गर्न गराउन हुन समेत अनुरोध छ ।

२०७८/१०/१६

(प्रमोद कुमार चौधरी)
प्रमुख प्रशासकिय अधिकृत

प्रमोद कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

मैले तिरेको कर मेरै लागि, समृद्ध गाउँ निमार्णका लागि"

Email: barjugaupalika@gmail.com
Website: www.barjumu.gov.np

Scanned with CamScanner